बुद्धभूमि नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुढ्ढी, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.: २०८२।०८३
चलानी नं.:

ने.स.११४६

## नदिजन्य पदार्थको बिक्रिका लागि विद्युतीय बोलपत्र (E-Bidding) आव्हान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२।१०।१४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा,गिट्टी,बालुवा उत्खनन,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड ,२०७७, लुम्बिनी प्रदेशको नदीजन्य व्यवस्थापन कार्यबिधि,२०७५, लुंम्बिनी प्रदेशको आर्थिक ऐन, २०८२ र बुद्धभुमि नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा व्यवस्थापन ऐन, २०८२ र नगर कार्यपालिकाको मिति २०८२।०९।०८ को निर्णय बमोजिम तपशिलमा उल्लेखित खोला/नदिहरुको स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित परिमाण र स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन, संकलन र सो पश्चात प्राविधिकहरुबाट परिमाण नापजाँच तथा एकिन गरेर बिक्री आदेश पश्चात बिक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही विद्युतीय (E-Bidding) बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:

| सि.नं. | ठेक्का नं./बोलपत्र नं. | Project Name | नदि/खोला | उत्खनन परिणाम (घन मि. ) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क, अन्य कर र मू.अ.कर बाहेक) | धरौटी रकम ( कबोल अंकको ) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | 1/BM/REV /2082/083 | Extraction,collection and selling of River Bed materials from BelgudrungKhola | बेलगुडरुङ खोला (बालुवा र भस्कट) | १२,५७५।५० | रु.३०,१९,८७७।२० | ५ प्रतिशत | रु.३०००। |
| २ | 2/BM/REV /2082/083 | Extraction,collection and selling of River Bed materials from GudrungKhola | गुडरुङ खोला | २१६०३।६० | रु.६१,०३३९२।२२ | ५ प्रतिशत | रु.३०००। |
| ३ | 4/BM/REV /2082/083 | Extraction,collection and selling of River Bed materials from AgiyaKhola | अगिया खोला | २७०९४।५० | रु.७६,५४,६६६।६१ | ५ प्रतिशत | रु.३०००। |
| ४ | 5/BM/REV /2082/083 | Extraction,collection and selling of River Bed materials from GhogwaKhola | घोघवा खोला | १३,४७४।०८ | रु.३८,०६,६६१.१६ | ५ प्रतिशत | रु.३०००। |

शर्तहरु :

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर

यमकान्त पाण्डेय

CamScanner

बापत यस कार्यालयमा नगदै तिरेको वा एनएमबी बैंक शाखा कार्यालय गोरुसिंगेमा रहेको यस कार्यालयको ग -११ आन्तरिक राजस्व खाता नं. ०४४००५५९९७६०००१२ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले १६औं दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको भ्याट समेतको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको एनएमबी बैंकमा रहेको बुद्धभूमि नगरपालिकाको धरौटी खाता नं. ०४४००५५९९७६०००४१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको (बोलपत्र खोलेको अन्तिम मितिले) म्याद सहित जारी गरिएको बोलपत्र जमानत पेश गर्नु पर्नेछ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे कार्यालयका कर्मचारी, प्रतिनिधिहरु, निर्माण व्यवसायीहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

४. बोलपत्र सम्बन्धी आवश्यक जानकारीको लागी कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको, पत्रिकामा सूचना प्रकाशन भएको, वाट्सएप वा ईमेलमा सूचना पठाएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम अनिवार्य रुपमा नगरपालिकाले तोकेको बैंक खातामा बुझाउनुपर्नेछ। दोस्रो किस्ताबापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८३ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता बापत ५० प्रतिशतले हुने रकम २०८३ बैशाख मसान्त भित्र अनिवार्य रुपमा नगरपालिकाले तोकेको बैंक खातामा जम्मा गर्नुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक (जम्मा रकमको) थप १३ प्रतिशत भ्याट र तोकिए बमोजिमको अग्रिम आयकर रकम समेत एकमुष्ट रुपमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

६. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस नगरपालिकाका खोला तथा नदिहरुको उत्खनन क्षेत्र र उत्खनन परीमाणका सन्दर्भमा IEE प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५,लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८२ र बुद्धभूमि नगरपालिकाको नदिजन्य पदार्थ उत्खनन, संकलन तथा व्यवस्थापन ऐन,२०८२ साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन, नदीजन्य पदार्थको उत्खनन एंव संकलन तथा बिक्री व्यवस्थापन सम्बन्धी कार्यायोजना, २०८२ समेत यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

यमकान्त पाण्डेय

CamScanner

७. सुचनामा उल्लेखित परिमाण IEE प्रतिवेदनको अधिनमा रही नदिजन्य पदार्थको उत्खनन एवं संकलन तथा बिक्री व्यवस्थापन सम्बन्धी स्वीकृत कार्ययोजना, २०८२ मा तोकिएको विधिबाट हुनेछ। ठेक्का सम्झौता पश्चात निश्चित अवधि तोकी नगर कार्यपालिकाको निर्णय अनुसार IEE प्रतिवेदनमा उल्लेखित शर्त मापदण्ड पालना गर्ने गरी मेशिन मार्फत उत्खनन अनुमती दिन सकिनेछ।

८. घाटगद्दी गर्दा नापजाँच गर्न सजिलो र सरल हुने किसिमबाट गर्नुपर्नेछ। नापजाँच भईसकेपछि सोही संकलित पदार्थ बिक्रि वितरण गर्नुपर्नेछ र नयाँ संकलित पदार्थलाई छुटै स्थानमा राख्नुपर्नेछ। एकपटक नापजाँच भएको पदार्थमा थप गर्न पाईनेछैन।

९. नदिजन्य पदार्थको सम्झौता पश्चात कुनै पनि कारणले नदिजन्य पदार्थ उत्खनन, संकलन, निकासी तथा कर/शुल्क संकलनको काम सुचारु नभएको अवस्थामा समेत कुनै किसिमको छुट मिनाहा दावी गर्न पाइने छैन।

१०. उत्खनन गरिएको नदिजन्य पदार्थ तोकिएको स्थानमा संकलन भईसकेपछि नगरपालिकाका प्राविधिकहरुबाट नापजाँच गरेर परिमाण एकिन गरी नगरपालिकाबाट बिक्रि आदेश प्राप्त गरे पश्चात मात्र निकासीको कार्य गर्न पाईनेछ।

११. संकलन गरिएको नदिजन्य पदार्थ घाटगद्दी गर्ने स्थानको व्यवस्था व्यवसायी आफैले गर्नुपर्नेछ।

१२. शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ। त्यसमा कार्यालयले कुनै जिम्मेवारी बहन गर्ने छैन।

१३. आर्थिक वर्ष २०८२।०८३ का लागि ठेक्का सूचना भएको हुँदा IEE प्रतिवेदनमा उल्लेखित परिमाणमा आर्थिक वर्ष २०८२/०८३ जेष्ठ मसान्त भित्र ठेकेदारले तोकिएको नदि क्षेत्रबाट उत्खनन गरी सक्नु पर्नेछ साथै कुनै पनि कारणले तोकिएको समयमा तोकिएको परिमाण भन्दा घटी उत्खनन भएमा समेत कुनै क्षेतीपूर्ति दावी गर्न पाइने छैन र नगरपालिकाको प्राविधिक नापजाँचबाट तोकिएको परिमाण समय अगावै पुरा भएको देखिएमा खोला/नदिबाट उत्खनन तथा संकलन कार्य बन्द गरिनेछ। साथै IEE प्रतिवेदनमा उल्लेखित स्थानबाट मात्र उत्खनन, संकलन गर्नुपर्नेछ र प्रारम्भिक बातावरण परीक्षण प्रतिवेदनमा उल्लेख भएको शर्तहरुको पालना गर्नुपर्ने छ।

१४. ठेकेदारले IEE प्रतिवेदन, प्रचलित कानून, सूचनाको शर्त तथा सम्झौतामा उल्लेखित सम्पुर्ण शर्तहरु पुर्णरुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा अनुगमन हुनेछ।

१५. यस्तो अनुगमनबाट शर्त उल्लघंन भएको पाईएमा कार्यालयले जुनसुकै बखत आवश्यक निर्णय गरी उत्खनन रोक्न/बन्द गर्न तथा ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षेतिपुर्ति दिईनेछैन।

१६. ठेकेदारले खोला/नदिहरुको नाम, उत्खनन, संकलन, सम्झौता, परिमाण, फर्मको नाम ठेगाना र बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दररेटको सुचि लगायतका विवरणहरु सहितको होडिङ्ग बोर्ड संकलन केन्द्रमा अनिवार्य रुपले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ।

१७. सम्झौता भएको खोलाको ठेक्काबाट उत्खनन्, संकलन गरेको मौज्दात आर्थिक बर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण (डम्पिङ्ग) गरी राखेको नदीजन्य पदार्थ शुन्य गर्नुपर्नेछ। शुन्य गर्न नसकेको परिमाण नगरपालिकाले जफत गरी लिलाम बिक्री गर्ने छ। तर निजी जग्गामा घाटगद्दी गरी राखेको नदिजन्य पदार्थ आषाढ मसान्तमा पुनःप्राविधिकबाट नापजाँच गराईअध्यवाधीक गराउनु पर्नेछ र नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

१८. ठेकेदारले (७/७ दिनमा) उत्खनन्, संकलन तथा बिक्री परिमाणको लिखित जानकारी नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

१९. ठेक्का सम्झौता भई सिमांकन, रेखांकन र कार्यादेश पश्चात बिहान सुर्योदय देखि सुर्यास्त सम्म मात्र उत्खनन, संकलन र ढुवानी समय अवधि हुनेछ। प्रयोग हुने ढुवानीका साधनको विवरण नगरपालिकामा जानकारी गराउनुपर्नेछ।

२०. उत्खनन् पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पुर्ब अवस्थामा छोडनु पर्नेछ, ठेकेदारबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, सुचनाको शर्त, सम्झौताको शर्तहरुको

उल्लघंन गरी कार्य गरेको अवस्थामा नगरपालिकाले आवश्यक निर्णय गरी ठेक्का सम्झौता रद्द गरी नदीजन्य पदार्थ जफत गर्न सक्नेछ  साथै नदीको धार बदलिने गरी उत्खनन् गर्न पाईनेछैन ।

२१. नदीजन्य पदार्थ उत्खनन्, संकलन स्थल सम्म जाने बाटो मर्मत गर्ने अवस्थामा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ ।

२२. दोस्रो पक्षले नगदी रसिद (तिन प्रति) छपाई कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्नेछ ,घाटगद्दीबाट नदीजन्य पदार्थ जिल्ला भरी बिक्री बितरणको लागी अनिवार्य उक्त रसिद प्रयोग गरी मात्र ढुवानी गर्नुपर्ने छ । र जिल्ला बाहिर बिक्री बितरण गर्नु परेमा फर्मको भ्याट बिल प्रयोग गरी मात्र निकासी गर्नुपर्ने छ । अन्यथा आर्थिक ऐन,२०८२ अनुसार जरिवाना लाग्नेछ ।

२३. सूचना वा बोलपत्र फारममा कुनै त्रुटी भएमा सो सम्बन्धमा नगरपालिकाको निर्णयानुसार हुनेछ । प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउन पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन । बोलपत्र नियमानुसार भएको स्वघोषाण गर्नु पर्ने छ ।

२४. सूचनामा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

( नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको website : www.buddhabhumimun.gov.np, सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा Public entity name : Buddhabhumi Municipality Office, Kapilbastu राखी समेत हेर्न सकिनेछ ।)

..........................................

यमकान्त पाण्डेय

प्रमुख प्रशासकीय अधिकृत